# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ८ भद्रपुर माघ २९ गते, २०८१ साल, संख्या ९

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

"विद्यालय अनुगमन, निरीक्षण तथा शैक्षिक गुणस्तर सुधार मापदण्ड, २०८१"

*स्वीकृत मिति -२०८१/१०/२८*

*प्रमाणीकरण मिति -२०८१/१०/२९*

भद्रपुर नगरपालिकाको

शैक्षिक गुणस्तर सुधार मूल्याङ्कन मापदण्ड २०८१

## प्रस्तावना

भद्रपुर नगरपालिका भित्र सञ्चालित विद्यालय तथा शैक्षिक संस्थाहरुको अनुगमन मूल्याङ्कन, निरीक्षण, नियमन, पारदर्शिता तथा शिक्षकहरुलाई पेसागत सहयोग गर्न साथै शिक्षण सिकाइलाई प्रभावकारी बनाउदै शैक्षिक तथा विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) ले दिएको अधिकार प्रयोग गरी विद्यालय अनुगमन,निरीक्षण तथा शैक्षिक गुणस्तर सुधार मापदण्ड, २०८१ जारी गरिएको छ ।

## परिच्छेद - एक

## नाम, परिभाषा, उद्देश्य र कार्य क्षेत्र

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यस मापदण्डको नाम भद्रपुर नगरपालिका "विद्यालय अनुगमन, निरीक्षण तथा शैक्षिक गुणस्तर सुधार मापदण्ड, २०८१" रहेको छ

(ख) यो मापदण्ड भद्रपुर नगरपालिका स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा - विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क)"ऐन" भन्नाले भद्रपुर नगर शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग)" मापदण्ड" भन्नाले भद्रपुर नगरपालिका "विद्यालय अनुगमन, निरीक्षण तथा शैक्षिक गुणस्तर सुधार मापदण्ड, २०८१" सम्झनु पर्दछ ।

(घ)"विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम सामुदायिक, संस्थागत र धार्मिक विद्यालयको रुपमा पूर्वप्राथमिक कक्षादेखि कक्षा १२ सम्म अनुमति वा स्वीकृत प्राप्त गरी सञ्चालनमा रहेका विद्यालय सम्झनु पर्दछ ।

(ङ)"शैक्षिक संस्था"भन्नाले विद्यालय लगायत प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरी सञ्चालनमा रहेका प्रारम्भिक बालशिक्षा, सामुदायिक सिकाइ केन्द्र, विद्यालय, प्राविधिक तथा व्यवसायिक शिक्षा केन्द्र र तालिम प्रदान गर्ने संस्था सम्झनु पर्दछ ।

(च) "प्रमुख" भन्नाले भद्रपुर नगरपालिकाको नगरप्रमुखलाइ सम्झनु पर्दछ।

(छ) "उपप्रमुख" भन्नाले भद्रपुर नगरपालिकाको नगर उपप्रमुखलाइ सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भद्रपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(झ)शाखा" भन्नाले भद्रपुर नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

(ञ) "शाखा प्रमुख" भन्नाले भद्रपुर नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ट) "समिति" भन्नाले शैक्षिक गुणस्तर सुधार मूल्याङ्कन तथा समस्त शैक्षिक अवस्थाको विश्लेषण गर्ने नगरपालिकामा गठित समितिलाई सम्झनु पर्दछ।

(ठ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयको प्रशासनीक कामगर्न तोकिएको शिक्षकलाई सम्झनुपर्दछ।

(ड) "विषय शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गराउने सम्बन्धित विषयको शिक्षकलाई सम्झनु पर्दछ

३ उद्देश्य

क) विद्यालय तथा शैक्षिक संस्थाहरुको गुणस्तर अभिवृद्धि गर्नु ,

ख) विद्यालयका विभिन्न तथ्याङ्क तथा विवरण वास्तविक भए नभएको यकिन गर्नु ,

ग) विद्यालय तथा शैक्षिक संस्थाहरुको भौतिक तथा मानवीय पक्षको अवश्थाबारे लेखाजोखा गर्नु ,

घ) विद्यालय शिक्षक अभिभावक तथा विद्यार्थीका समस्याहरु स्थलगत रुपमा पहिचान गरी समाधान गर्नु,

ङ) विद्यालयको शैक्षिक तथा भौतिक अवस्थाको अनुगमन गर्नु ,

च) विद्यालयका समग्र पक्षहरुको सुक्ष्म अध्ययन गरी शैक्षिक गुणस्तर वृद्धि गर्नु,

छ) विद्यालयमा संचालित विभिन्न सिपमूलक तालिम, योजना र कार्यक्रमहरुको अनुगमन गरी नतिजामूलक बनाउन सहयोग पुर्याउनु,

ज) एकिकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली **IEMIS** सम्बन्धी प्राविधिक सहयोग प्रदान गर्नु,

झ) शैक्षिक गोष्टी,,कार्यशाला तथा तालिमहरुको अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु,

ञ) वर्तमान कानुनी व्यवस्था, विद्यार्थी संख्या, दरबन्दीको अवस्था बारे विश्लेषण गर्नु ।

## परिच्छेद - दुई

## गुणस्तर सुधार तथा मूल्याङ्कन मापदण्ड

गुणस्तर सुधार तथा मूल्याङ्कन मापदण्डका क्षेत्रहरु देहाय बमोजिम रहनेछन।

१. भौतिक व्यवस्थापन
२. सुशासन तथा संस्थागत पक्ष
३. अभिलेख व्यवस्थापन
४. आर्थिक व्यवस्थापन

५. शैक्षिक क्रियाकलाप
६. शैक्षिक सामाग्री
७. पाठ्यक्रम
८. मूल्याङ्कन
९. शैक्षिक योजना
१०. उपचारात्मक शिक्षण
११. दैनिक क्रियाकलाप
१२. विद्यार्थिको उपस्थिति र शैक्षिक अवस्था
१३. परीक्षा प्रणाली
१४. विद्यालय/ शैक्षिक संस्था तथा पोषणको अवश्था
१५. अतिरिक्त क्रियाकलाप
१६. शैक्षिक उपलब्धि
१७. समग्र शैक्षिक अवस्था विश्लेषण

## परिच्छेद- ३
## अनुगमन मूल्याङ्कन कार्यप्रक्रिया

१. विद्यालयको लागि आवश्यक न्युनतम मापदण्डको अवश्थाको मूल्याङ्कन विश्लेषणको लागि अनूसूची १ मा उल्लेखित आधार र कार्यप्रक्रिया हुनेछ।
२. अनुसूची १ र ५ मा उल्लेखित मापदण्डको निरीक्षण शिक्षा युवा तथा खेलकुद शाखाले वार्षिक रुपमा गर्नेछ।
३. यो मापदण्डको अवश्थाको प्रतिवेदन शिक्षा यूवा तथा खेलकुद शाखाले नगर प्रमुख समक्ष पेश गर्नुपर्छ।
४. दफा ३ बमोजिम प्राप्त निवेदन नगरप्रमुखले छलफलको लागि शिक्षा समिति समक्ष पेश गर्नुपर्नेछ।
५. यस मापदण्ड बमोजिम अनुगमन तथा निरीक्षण गर्दा शिक्षा युवा तथा खेलकुद शाखाले सामाजिक विकास समिति संयोजक वा सदस्य र सम्बन्धित वडाका बडाध्यक्ष वा निजले तोकेको वडा सदस्यलाई समावेश गर्नुपर्नेछ।

## परिच्छेद- ४
## शैक्षिक गुणस्तर मापन विधि

१. विद्यालय र शैक्षिक संस्थाहरुले यो मापदण्ड बमोजिम विषयगत र कक्षागत शैक्षिक गुणस्तर मापन तालिका अनुसूची २ र कक्षागत शैक्षिक गुणस्तर मापन तालिका प्रयोग गर्नुपर्नेछ।

२. विषयगत शैक्षिक गुणस्तर मापन तालिका अनुसूची २ र कक्षागत शैक्षिक गुणस्तर मापन तालिका अनुसूची ३ बमोजिम हुनेछ।

३. विषयगत शैक्षिक गुणस्तर मापन तालिका सम्बन्धित कक्षा शिक्षकले निर्धारित त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा समाप्त भएसँगै मापन गरी प्रधानाध्यापक समक्ष पेश गर्नु पर्नेछ।

४. कक्षागत शैक्षिक गुणस्तर मापन तालिका सम्बन्धित विद्यालय / शैक्षिक संस्थाको प्रधानाध्यापकले परीक्षा समाप्त सँगै मापन गरी सक्नुपर्नेछ।

५. दफा ३ र ४ मा उल्लेखित मापन तालिका सम्बन्धित विद्यालय / शैक्षिक संस्थाको प्रधानाध्यापकले निर्धारित त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाको समाप्त भएपछि शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ।

६. विद्यालय स्वास्थ्य तथा पोषणको अनुगमनको लागि अनुसूची ४ मा उल्लेखित विषयहरुलाई आधार मानिने छ।

७. कक्षा अवलोकन अनुगमन फाराम अनुसूची ५ बमोजिमको आधारमा हुनेछ।

## परिच्छेद ५

## प्रतिवेदन

१. यस मापदण्डमा उल्लेखित अनुगमन मूल्याङ्कन गुणस्तर मापनको विश्लेषण सहितको प्रतिवेदन शिक्षा युवा तथा खेलकुद शाखाले वार्षिक रुपमा तयार गरी नगरशिक्षा समिति प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ.

२. दफा १ बमोजिम प्रतिवेदन नगर शिक्षा समिति प्रमुखले छलफलको लागि नगरशिक्षा समितिमा पेश गर्नु पर्नेछ।

## परिच्छेद ६

## निर्देशक समिति

१. शैक्षिक गुणस्तर सुधार मुल्याङ्कन तथा समस्त शैक्षिक अवस्थाको विश्लेषण गर्न देहायबमोजिम हुने गरी एक निर्देशक समिति रहनेछ।

क. नगरप्रमुख - .................... संयोजक

ख. नगरउपप्रमुख - ....................सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत-......सदस्य

घ. सामाजिक विकास समिति संयोजक-..... सदस्य

ङ. कार्यपालिका सदस्यमध्येबाट १ जना महिला सहित २ जना -.......सदस्य

च. शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख - ...........................सदस्य सचिव

२. निर्देशक समितिको काम कर्तव्य र अधिकार

क. नगरपालिकाबाट विद्यालय/ शैक्षिक संस्थाहरुमा प्रदान गरिएको सुविधा, अनुदान, भौतिक सामाग्रीहरुको अवश्थाबारे लेखाजोखा गर्ने।

ख. शिक्षक विद्यार्थी अनुपातको विश्लेषण गरी दरबन्दी मिलानको लागि पहल गर्ने।

ग. विद्यालय/ शैक्षिक संस्थाहरुको समस्या समाधानका लगि पहल गर्ने।

घ. विद्यालय/ शैक्षिक संस्थाहरुको गुणस्तर अभिवृद्धिको लागि कार्य गर्ने।

ङ. शैक्षिक गुणस्तर सुधार मुल्याङ्कन मापदण्ड बमोजिम कार्य भए नभएको निरीक्षण अनुगमन गर्ने।

३.निर्देशक समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ।

४.निर्देशक समितिले आफुले गरेका कार्य, सुझाव अवस्था सहितको प्रतिवेदन वार्षिक रुपमा शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ।

## विविध

१. शैक्षिक गुणस्तर सुधार मुल्याङ्कन मापदण्ड बारेमा शिक्षा युवा तथा खेलकुद शाखाले प्रत्येक शैक्षिक सत्र सुरु भएको एक हप्ता भित्र अभिमुखीकरण गराउनुपर्नेछ।

२. बाधा अड्काउ फुकाउः यस मापदण्डमा लेखिएका प्रावधान यसै मापदण्ड बमोजिम र बाहेकका प्रावधानहरु नगरपालिकाको शिक्षा सम्बन्धी ऐन, नियम एवम् कार्यपालिकाको निर्णय बमोजिम हुने छ ।

३. संशोधन वा परिमार्जनः यस मापदण्डमा कुनै संशोधन परिमार्जन गर्नु परेमा यसको अधिकार भद्रपुर नगरकार्यपालिकामा रहनेछ

अनुसूची -१

भद्रपुर नगरपालिका
शिक्षा युवा तथा खेलकुद शाखा
भद्रपुर झापा
विद्यालयमा हुनु पर्ने न्युनतम मापदण्डहरु

विद्यालयको नाम र ठेगाना

| क्र स | विषय क्षेत्र | सूचक क्र .स | सूचक | मापनको आधार | इकाइ | प्रासाङ्क | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक व्यवस्थापन | १ | कक्षाकोठा | कम्तिमा टिनको छाना, प्रकाश र हावा आवतजावत गर्ने झ्याल ढोका र पंखा भएको कक्षाहरु | भए/नभएको | | १ | |
| | | २ | | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | भए/नभएको | | १ | |
| | | ३ | | विद्यार्थी संख्याका आधारमा पर्याप्त कक्षाकोठा | भए/नभएको | | १ | |
| | | ४ | | डस्टविन भएका र नियमित सरसफाई भएका कक्षाकोठाहरु | भए/नभएको | | १ | |
| | | ५ | | विद्यार्थीका लागि उपयुक्त फर्निचरको व्यवस्था | भए/नभएको | | १ | |
| | | ६ | खानेपानी | शुद्ध धाराको खानेपानी सहज पिउन सकिने व्यवस्था | भए/नभएको | | १ | |
| | | ७ | शौचालय | छात्र र छात्राका लागि अलग अलग शौचालय | भए/नभएको | | १ | |
| | | ८ | खेल मैदान | विद्यार्थी संख्याको अनुपातमा विहानी | भए/नभएको | | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथना सभा र अतिरिक्त खेलकुद गराउन सकिने व्यवस्था | | | | |
| | | ९ | घेरावारा | कम्तिमा फलामे पोल तथा जाली र गेट सहितको घेरावारा | भए/नभएको | | १ | |
| | | १० | सुरक्षा | कक्षाकोठा र खेलमैदानमा बालसुरक्षाको व्यवस्था | भए/नभएको | | १ | |
| | | ११ | विद्यालयमा प्रस्तकालयको व्यवस्था र प्रयोग | प्रयोग र व्यवस्था भए २ व्यवस्था मात्रै भए १ अंक | भए/नभएको | | २ | |
| | | १२ | छुट्टै व्यवस्थित कक्षा सहित प्रारम्भिक बालशिक्षा कक्षा सञ्चालन र व्यवस्थापन | बालकक्षालाई ६वटा सिकाइ क्षेत्रमा विभाजन गरी व्यवस्थित गरिएको भए २ लाई पुर्णाङ्क मानी अङ्क दिने | भए/नभएको | | २ | |
| | | १३ | आ इ सिटि ल्याबको व्यवस्था | व्यवस्था र प्रयोग दुबै भए मात्र अंक दिने | भए/नभएको | | १ | |
| | | १४ | विद्यालयमा इन्टरनेटको व्यवस्था | | भए/नभएको | | १ | |
| | | १५ | प्रयोगशालाको व्यवस्था | | भए/नभएको | | १ | |
| | | १६ | विद्यालय व्यवस्थापन समितिको बैठक | कम्तिमा २ महिनामा १ पटक | भए/नभएको | | १ | |
| | | १७ | शि अ संघ बैठक | कम्तिमा ३ महिनामा १ पटक | भए/नभएको | | १ | |
| | | १८ | अभिभावक भेला | कम्तिमा ३ महिनामा १ पटक | भए/नभएको | | १ | |
| | | १९ | शिक्षक स्टाफ बैठक | मासिक रुपमा | भए/नभएको | | १ | |
| | | २० | बालक्लवको परिचालन | बालक्लवबाट सञ्चालित क्रियाकलापहरु | भए/नभएको | | १ | |
| | | २१ | बैठकको निर्णय कार्यान्वयन | अघिल्लो बैठकको निर्णय समिक्षा | भए/नभएको | | १ | |
| | | २२ | विद्यालय सुधार योजना | निर्माण र अद्यावधिक | भए/नभएको | | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | सुशासन तथा संरचनागत पक्ष | २३ | चालु शैक्षिक स्तरको वार्षिक कार्यान्वय योजना | समिक्षा गरी नगरपालिकामा पेश | भए/नभएको | | २ | |
| | | २४ | सामाजिक परीक्षण प्रतिवेदन | आर्थिक वर्ष समापन भएको ३ महिनामा बुझाउने | गरे/ नगरेको | | १ | |
| | | २५ | प्र. अ. र शिक्षक बिच कार्यसम्पादन करार गर्ने व्यवस्था | | भए/नभएको | | २ | |
| | | २६ | कार्यसम्पादन करार अनुसारको कार्यप्रगतिको अनुगमनको व्यवस्था | | भए/नभएको | | २ | |
| | | २७ | शिक्षक आचारसंहिता निर्माण र कार्यान्वयन | | भए/नभएको | | १ | |
| | | २८ | विद्यार्थी आचारसंहिता निर्माण र कार्यान्वयन | | भए/नभएको | | १ | |
| | | २९ | विद्यार्थीका लागि निश्चित पोसाकको व्यवस्था | | भए/नभएको | | १ | |
| | | ३० | शिक्षक कर्मचारीका लागि निश्चित पोशाकको व्यवस्था | | भए/नभएको | | १ | |
| | | ३१ | शैक्षिक सुधारका लागि सरोकारवालाहरुसँग अन्तरकृया हुने | | गरे/ नगरेको | | २ | |
| | | ३२ | विद्यालय र अभिभावकबिचको अन्तर सम्बन्धलाई प्रगढ बनाउन विशेष कार्यक्रम सञ्चालनको व्यवस्था | | भए/नभएको | | १ | |
| | | ३३ | IEMIS Softwar सञ्चालन | समयमै अद्यावधिक गरी समयमै | भए/नभएको | | | |

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर झापा नेपाल

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्प्रेषण | | | | |
| | | ३४ | शिक्षक तथा कर्मचारीहरुको विवरण | पूर्ण अभिलेख व्यवस्थापन र अद्यावधिक | भए/नभएको | | १ | |
| ३ | अभिलेख व्यवस्थापन | ३५ | शिक्षककहरुको विदाको विवरण | अभिलेख प्रमाणित गराइ राखे व्यवस्था | भए/नभएको | | १ | |
| | | ३६ | शिक्षक कर्मचारीहरुको हाजिरी अभिलेख | अद्यावधिक | भएको/नभएको | | १ | |
| | | ३७ | विद्यार्थीको व्यक्तिगत अभिलेख | अद्यावधिक | भएको/नभएको | | २ | |
| | | ३८ | विद्याथीको संख्यात्मक विवरण र शिक्षक कर्मचारीको विवरण | सूची सबैले देखे गरी प्रदर्शन गरी राखे व्यवस्था | भएको/नभएको | | १ | |
| | | ३९ | चिठ्ठीपत्रको अभिलेख | फाइलिङ्ग र अभिलेख | भएको/नभएको | | १ | |
| | | ४० | आधारभूत तहमा विद्यार्थी शिक्षक अनुपात | स्केल | भएको/नभएको | | २ | |
| | | ४१ | माध्यमिक तहमा विद्यार्थी शिक्षक अनुपात | स्केल | भएको/नभएको | | २ | |
| ४ | आर्थिक व्यवस्थापन | ४२ | बजेट खर्च | वि. व्य. स. को निर्णय अनुसार | भएको/नभएको | | १ | |
| | | ४३ | आम्दानी खर्चको पारदर्शिता | सार्वजनिकीकरण गर्ने व्यवस्था | भएको/नभएको | | १ | |
| | | ४४ | खर्चमा अनुशासन | शिर्षक अनुसार खर्च | भएको/नभएको | | १ | |
| | | ४५ | छात्रवृत्ती वितरणमा पारदर्शिता | जेठ मसान्तभित्र नगरपालिकालाई उपलब्ध | गरेको/ नगरेको | | १ | |
| | | ४६ | विद्यार्थीलाई नियमित गृहकार्यका साथ पृष्ठपोषणको व्यवस्था | नियमित रुपमा गर्ने गरेको भए २ लाई पूणाङ्क मानी अङ्क दिने | भएको/नभएको | | २ | |
| | | ४७ | शिक्षण सिकाइमा ICT को प्रयोग | नियमित भए १ लाई पुर्णाङ्क मानी अङ्क दिने | भएको/नभएको | | १ | |
| | | ४८ | विद्या लयमा इन्टरनेटको शिक्षण सिकाइमा प्रयोग | व्यवस्थापन र प्रयोग दुवै भए २, १ मात्र भए १ अंक दिने | भएको/नभएको | | २ | |

गणेश पोखरेल
नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | शैक्षिक क्रियाकलाप | ४९ | प्रयोगशालाको प्रयोग | | भएको/नभएको | | १ | |
| | | ५० | प्र अ बाट शिक्षकको कक्षा अवलोकन गरी पृष्ठपोषण दिने व्यवस्था | अनुगमन योजना बनाएर नियमित रुपमा सबै शिक्षकको पालैपालो कक्षा अवलोकन गर्ने गरेको भएमा २ लाई पुर्णाङ्क मानी अङ्क दिने | भएको/नभएको | | २ | |
| | | ५१ | शिक्षकअनुपस्थितिमा शिक्षण सिकाइको बैकल्पिक व्यवस्था | वैकल्पिक व्यवस्था भए मात्र अंकदिने | भएको/नभएको | | १ | |
| | | ५२ | विद्यार्थीको नतिजा अभिलेख रजिष्टरमा राखे व्यवस्था | | भएको/नभएको | | १ | |
| | | ५३ | कक्षागत र विषयगत परीक्षाफल विश्लेषण गर्ने व्यवस्था | त्रैमासिक भए २, अर्धवार्षक भए १, वार्षिक भए ०.२५ अंक दिने | भएको/नभएको | | @ | |
| | | ५४ | अभिभावकको उपस्थितिमा विद्यार्थीको नतिजा वितरण गर्ने व्यवस्था | | गरेको/ नगरेको | | १ | |
| | | ५५ | पाठ्यक्रमको पुर्णता | | भएको/नभएको | | १ | |
| | | ५६ | कक्षा ५ को नेपाली अंग्रेजी र गणित विषयको औसत उपलब्धि | ७५ प्रतिशत भन्दा बढी भए ५, ७० देखी ७५ प्रतिशत भए ४, ६० देखी ७० भए ३, ५० देखी ६० भए २, ५० भन्दा कम भए १ | | | ५ | |
| | | ५७ | कक्षा ८ को नेपाली अंग्रेजी र गणित विषयको औसत उपलब्धि | ७५ प्रतिशत भन्दा बढी भए ५, ७० देखी ७५ प्रतिशत भए ४, ६० देखी ७० भए ३, ५० देखी ६० भए २, ५० भन्दा कम भए १ | | | ५ | |
| | | ५८ | कक्षा १० को नेपाली अंग्रेजी र गणित विषयको औसत उपलब्धि | ७५ प्रतिशत भन्दा बढी भए ५, ७० देखी ७५ प्रतिशत भए ४, ६० देखी | | | ५ | |

गणेश पोखरेल
नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ७० भए ३, ५० देखी ६० भए २, ५० भन्दा कम भए १ | | | | |
| ६ | शैक्षिक सामाग्री | ५९ | कक्षाकोठामा सिकाइ सामाग्रीको व्यवस्थापन | विषयगत रुपमा शैक्षिक सामाग्रीको नियमित प्रयोग र व्यवस्थापन गर्ने गरेको भए २ लाइ पूर्णाङ्क मानी अंक दिने | भएको/नभएको | | २ | |
| | | ६० | कक्षामा बुक कर्नर सिकाइ कुनाको व्यवस्था | व्यवस्थार प्रयोग दुवै भए २ निर्माण मात्र भए १ | भएको/नभएको | | २ | |
| | | ६१ | शिक्षण सिकाइमा सिकाइ साम्ग्री प्रयोग | प्रयोग भएको भए मात्र अंक दिने | भएको/नभएको | | १ | |
| | | ६२ | विद्यार्थी क्रियाकलापको प्रदर्शनका लागि कक्षाकोठामा प्रदर्शन पाटीको व्यवस्था | निर्माण प्रयोग र व्यवस्थापन गरेको भए मात्र अंक दिने | भएको/नभएको | | १ | |
| ७ | पाठ्यक्रम | ६३ | तहगत र विषयगत रुपमा पाठ्यक्रमको उपलब्धता | व्यवस्था र प्रयोग दुबै भए मात्र अंक दिने | भएको/नभएको | | १ | |
| | | ६४ | थप पाठ्यसामाग्रीको व्यवस्था र प्रयोग | व्यवस्था र प्रयोग दुबै भए मात्र अंक दिने | भएको/नभएको | | १ | |
| | | ६५ | स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन | निर्माण र प्रयोग दुवै भए मात्र अंक दिने | भएको/नभएको | | १ | |
| | | ६६ | कक्षागत विषगत सिकाइ उपलब्धी र लक्ष्य किटानी प्रदर्शन | नियमित भए ४ लाइ पूर्णाङ्क मानी अंक दिने | भएको/नभएको | | १ | |
| ८ | मूल्याङ्कन | ६७ | विद्यार्थी पोर्टफोलियो व्यवस्थापन | निर्माण प्रयोग र अद्यावधिक भए २ लाई पूर्णाङ्क मानी अंक दिने | भएको/नभएको | | २ | |
| ९ | शैक्षिक योजना | ६८ | शिक्षण सुधार योजना निर्माण र | निर्माण प्रयोग र व्यवस्थापन भए मात्र | भएको/नभएको | | १ | |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | अद्यावधिक | १ लाई पूर्णाङ्क मानी अंक दिने | | | | |
| | | ६९ | शिक्षकद्धारा वार्षिक शैक्षिक योजना निर्माण | निर्माण निर्माण र कार्यान्वय दुवै मात्र अकं दिने | भएको/नभएको | | १ | |
| | | ७० | दैनिक पाठयोजना डायरीको प्रयोग गरी शिक्षण | नियमित गर्ने गरेको भए मात्र अंकदिने | भएको/नभएको | | १ | |
| | सुधारात्मक शिक्षण | ७१ | विशेष सिकाइ आवश्यकता भएका बालबाबलिकाका लागि सहयोगको व्यवस्था | बालबालिकाको सिकाइस्तर पहिचान गरी छुट्टै समूहमा राखी नियमित रुपमा थप सिकाइको व्यवस्था गर्ने गरेको भएमा पूर्णाङ्क २ मानी अंक दिने | भएको/नभएको | | २ | |
| ११ | दैनिक क्रियाकलाप | ७२ | विद्यार्थीका लागि दिवा खाजाको व्यवस्थापन | | भएको/नभएको | | १ | |
| | | ७३ | प्राथमिक उपचार सम्बन्धि व्यवस्था | | भएको/नभएको | | १ | |
| | | ७४ | विद्यार्थीको स्वास्थ्य परीक्षण सम्बन्धि व्यवस्था | | भएको/नभएको | | १ | |
| जम्मा | | | | | | | १०० | |

नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश नेपाल

अनुसूची -

शिक्षा युवा तथा खेलकुद शाखा
भद्रपुर नगरपालिका, झापा
विषयगत शैक्षिक गुणस्तर मापन तालिका २०८१

विद्यालयको नाम र ठेगाना
परीक्षाको किसिम
पूर्णाङ्क
कक्षा                विषय
कक्षा शिक्षकको नाम
शिक्षकको उपस्थिति दिन

| क्र स | विद्यार्थीको नाम | कक्षा सञ्चालन भएको दिन | उपस्थिति भएको दिन | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत | औसत उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| विषयगत औसत उपलब्धी | | | | | | | |

कक्षा शिक्षकको राय
<u>समस्याहरु</u> <u>समाधानका उपायहरु</u>

(क)
(क)
(ख)
(ख)
(ग)
(ग)
(घ)
(घ)

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची ३
भद्रपुर नगरपालिका
शिक्षा यूवा तथा खेलकुद शाखा
कक्षागत शैक्षिक गुणस्तर मापन तालिका

विद्यालयको नाम

आ. व -

कक्षा -

परीक्षाको किसिम -

| क स | विषय | विषयगत औसत प्रासाङ्क | |
|---|---|---|---|
| १ | नेपाली | | |
| २ | अंग्रजी | | |
| ३ | गणित | | |
| ४ | विज्ञान तथा प्रविधि | | |
| ५ | सामाजिक अध्ययन | | |
| ६ | स्वास्थ्य तथा शारिरीक शिक्षा | | |
| ७ | स्थानीय विषय | | |
| | जम्मा | | |

वि. व्य. स, शि. अ .संघ. तथा शिक्षक शिक्षिकाहरुको संयुक्त बैठकको मूल्याङ्कन

अनुसूची -४

भद्रपुर नगरपलिका
नगरकार्यपालिकाको कार्यालय
युवा तथा खेलकुद शाखा
भद्रपुर झापा

## विद्यालय स्वास्थ्य तथा पोषण अनुगमन प्रतिवेदन
( विद्यालय अनुगमनका लागि )

| आधारभूत विद्यालय | |
|---|---|
| अनुगमनकर्ताको नाम र सहि | |
| मिति | |
| जिल्ला | |
| नगरपालिका | |
| विद्यालयको नाम | |
| तह | |
| कक्षा | |

| १ विद्यालयको वातावरण उपयुक्त स्थानमा √चिन्ह लगाउनुहोस् | | |
|---|---|---|
| १.१ विद्यालयमा करेसाबारी वा बगैंचाको व्यवस्था गरिएको छ ? | | छ । |
| | | छैन । |
| १.२ यदि छ भने विद्यार्थीहरुलाई करेसावारी वा बगैंचाको व्यवस्थामा सहभागि गराइएको छ ? | | छ, विद्यार्थीहरुलाई सहभागि गराइएको छ । |
| | | छैन, विद्यार्थीहरु इच्छुक छैनन्। |
| | | छैन, तर विद्यार्थीहरु इच्छुक छन्। |
| १.३ विद्यालय वरिपरि सरसफाई गर्ने गरिएको छ ? | | छ । |

| | | |
|---|---|---|
| | | यदि छ भने विद्यार्थीहरुबाट |
| | | यदि छ भने पालेबाट वा अन्य व्यवस्था |
| | | नियमित छैन |

| २ स्वास्थ्य सुविधा: ( उपयुक्त स्थानमा √चिन्ह लगाउनुहोस् | | |
|---|---|---|
| २.१ विद्यालयले जनस्वास्थ्य कार्यालय मार्फत प्राथमिक उपचार बाकस प्राप्त गरेको छ ? | | छ । |
| | | छैन । |
| | | यदि छ भने निशुल्क उपलब्ध हुनसक्ने औषधीहरुको प्रयोग, सोधभर्ना र रिपोर्टिङ गर्ने गरेको । |
| २.२ विद्यार्थीहरुको प्रारम्भिक स्वास्थ्य जाँचको व्यवस्था गरिएको छ ? (श्रवण, दृष्टि, दाँत, उचाई र तौल) | | छ। |
| | | छैन । |
| | | छ भने बार्षिकरुपमा विद्यालय स्वास्थ्य तथा पोषण सप्ताहमा (जेष्ठ पहिलो हप्ता) |
| २.३ कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाई जुकाको औषधि खुवाउने गरिएको छ ? | | छ । |
| | | थाहा छैन । |
| | | छ भने जेष्ठ र मार्ग महिनाको पहिलो हप्ता वर्षमा दुई पटक । |
| २.४ कक्षा ६ देखि १० सम्म (१०-१९वर्ष) का किंशोरीहरुलाई आइरन ट्यावलेट औषधि खुवाउने गरिएको छ ? | | छ । |
| | | थाहा छैन । |
| | | यदि छ भने वर्षमा दुई पटक । पहिलो पटक १३ हप्ता (Iron Folic Acid हप्ताको एक चक्कि) दोस्रो पटक १३ हप्ता |
| २.५ स्वास्थ्य सम्बन्धी दैनिक एवम् साप्ताहिक जाँचका सूचीहरू सहितको विद्यार्थीहरूको | | छ |
| | | छैन । |

| | |
|---|---|
| हाजिरी पुस्तिका प्रयोग गर्ने गरेको छ ? | प्रयोग गरिएको छैन तर शिक्षा विभागको वेभ साइटमा भएको हाजिरी पुस्तिकाको नमुनाको बारेमा जानकारी छ । |

**३ पानी सरसफाई स्वच्छता सुविधाः (उपयुक्त स्थानमा ✓ चिन्ह लगाउनुहोस्)**

| | | |
|---|---|---|
| ३.१ विद्यालयमा विद्यार्थीहरुका लागि शुद्ध पिउने पानीको व्यवस्था गरिएको छ ? | | छ |
| | | छैन |
| | | सहितको छुट्टै चर्पिको व्यवस्था गरिएको छ । |
| ३.पानी सहितको चर्पिको व्यवस्था गरिएको छ ? (CGDE Friendly) | | छ |
| | | छैन |
| | | छ तर पर्याप्त पानीको व्यवस्था छैन्। |
| ३.३ छात्राहरुलाई Incinerator सहितको छुट्टै चर्पिको व्यवस्था गरिएको छ ? | | छ । |
| | | छैन् । |
| | | छ तर स्यानीटरी प्याड व्यवस्थापनको व्यवस्था छैन । |
| ३.४ (क) विद्यालयद्वारा छात्राहरुलाई स्यानीटरी प्याडको व्यवस्था र प्रयोग गर्ने गरिएको छ ? | | छ । |
| | | छैन् । |
| (ख) स्यानिटरी प्याडको व्यवस्था र प्रयोग गरिएको छैन भने किन ? | | विद्यार्थी आँफैले व्यवस्था गर्ने गरेका छन्। |
| | | विद्यार्थीहरु उक्त समयमा अनुपस्थित हुने गरेका छन्। |
| ३.५ विद्यालयमा विद्यार्थीहरुका लागि सामुहिकरुपमा साबुन पानीले हातधुने व्यवस्था गरिएको छ ? | | छ । |
| | | छैन । |
| | | छ तर साबुन सहितको |

| | | |
|---|---|---|
| | | सामुहिकरुपमा धुने व्यवस्था छैन । |
| ३.६ चर्पिको सरसफाईको व्यवस्था नियमित गर्ने गरेको छ ? | | छ |
| | | नियमित छैन । |
| | | यदि छ भने नियमित रुपमा विद्यार्थीहरुबाट गर्ने गरेकोछ । |
| | | यदि छ भने अन्य व्यवस्था गरिएको छ । |

| ४ दिवा खाजा सुविधाः (उपयुक्त स्थानमा √ चिन्ह लगाउनुहोस) | | |
|---|---|---|
| ४.१ विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन भएको छ ? | | छ । |
| | | छैन । |
| ४.२ यदि छ भने को मार्फत सञ्चालन भएको छ ? | | स्थानीय सरकार मार्फत नेपाल सरकार |
| | | विश्व खाद्य कार्यक्रम/शिक्षाका लागि खाद्य परियोजना । |
| | | अन्य ........................................... |
| | | विद्यालयको आफ्नै स्रोतबाट |
| ४.३ यदि छ भने कुन मोडलमा सञ्चालन गरिएको छ ? | | नगद वितरण। |
| | | नगद वितरण । घरबाट टिफिन अनिवार्यरुपमा ल्याउने व्यवस्था । |
| | | नगद वितरण । घरबाट टिफिन अनिवार्यरुपमा ल्याउने व्यवस्था । |
| | | वस्तु वितरण । विद्यालयमै बनाएर खुवाउने व्यवस्था |
| ४.४ विद्यालयमा खाजा व्यवस्थपन समिति गठन गरिएको छ ? | | छ । |
| | | छैन । |

| | | |
|---|---|---|
| ४.५ यदि विद्यालयमा खाजा बनाएर खुवाउने गरिएको छ भने खाद्यान सुरक्षित र उपयुक्त ठाउँमा राखे गरिएको छ ? | | छ । |
| | | छैन । |
| ४.६ यदि विद्यालयमा खाजा बनाएर खुवाउने गरिएको छ भने भान्सा तथा भान्साको सरसफाईको व्यवस्था गरिएको छ ? | | छ । |
| | | छैन |
| ४.७ दिवा खाजा खुवाउनु अघि र हाल खाजा खुवाउँदाको विद्यार्थी उपस्थिति दर कति छ ? | | खाजा खुवाउनु भन्दा पहिलेको उपस्थिति दर ............. |
| | | खाजा खुवाउँदाको हालको उपस्थिति दर ............. |

८. विद्यालयका असल अभ्यासहरु

९. विद्यालयका मुख्य समस्याहरु

१०. सुधारका लागि विद्यालयको अपेक्षा

११. अनुगमनकर्ताको राय/सुझाव

| अनुगमनकर्ताको | विद्यालयको छाप | प्रधानाध्यापकको |
|---|---|---|
| नाम -<br>हस्ताक्षर -<br>पद -<br>नाम -<br>हस्ताक्षर -<br>पद -<br>नाम -<br>हस्ताक्षर -<br>पद -<br>मिति : | | नाम -<br>हस्ताक्षर -<br>मिति : |

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

अनुसूची -५

भद्रपु नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

भद्रपुर,झापा

कक्षा अवलोकन प्रतिवेदन

शिक्षकको नाम.......... ...................................... मिति...............

विद्यालयको नाम............................................... कक्षा.....

विषय.......................... पाठ्यवस्तु.................... घण्टि.....

एकाइ शीर्षक....................................... पाठशिर्षक.....................................

समय.....................

विद्यालय सुपरिवेक्षकले कक्षा शिक्षण अवलोकन गरी तलका बुँदाहरूमा श्रेणीअनुसार रेजा (✔लगाउनुहोस् ।

| क.स. | विवरण | श्रेणी | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | शिक्षकको व्यक्तित्व | अत्युत्तम | उत्तम | मध्यम | न्यून | न्यूनतम | |
| क) | सफा सुग्घर | | | | | | |
| ख) | आत्मविश्वास | | | | | | |
| ग) | मिलनसारिता | | | | | | |
| घ) | बोलीको स्पष्टता | | | | | | |
| ङ) | भाषाको शुद्धता | | | | | | |
| २ | कक्षाको प्रारम्भ | अत्युत्तम | उत्तम | मध्यम | न्यून | न्यूनतम | कैफियत |
| क) | पुर्णपाठमा आधारित | | | | | | |
| ख) | कक्षा व्यवस्थापन | | | | | | |
| ग) | पाठप्रति रुची जागरण | | | | | | |
| | पाठको प्रस्तुतीकरण | अत्युत्तम | उत्तम | मध्यम | न्यून | न्यूनतम | कैफियत |
| क) | विषयबस्तुको ज्ञान | | | | | | |
| ख) | विषयबस्तुको पर्याप्तता | | | | | | |
| ग) | पाठको क्रमबद्धता | | | | | | |
| घ) | उपयुक्तता | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ङ | स्तरयुक्तता | | | | | | |
| च) | उदाहरणहरुको उपयुक्तता | | | | | | |
| ३.२ | कक्षा कार्यकलाप | अत्युत्तम | उत्तम | मध्यम | न्यून | न्यूनतम | कैफियत |
| क) | विद्यार्थीको सक्रियता | | | | | | |
| ख) | कक्षा अनुशासन | | | | | | |
| ग) | प्रश्नोत्तरको उपयुक्तता | | | | | | |
| ३.३ | शैक्षिक सामाग्रिको प्रयोग | अत्युत्तम | उत्तम | मध्यम | न्यून | न्यूनतम | कैफियत |
| क) | उदेश्य प्रासीमा सहायक | | | | | | |
| ख) | स्तरयुक्तता | | | | | | |
| ग) | स्पष्ट देखिने | | | | | | |
| घ) | लेखन पाटीको प्रयोग | | | | | | |
| ३.४ | शिक्षण विधिको प्रयोग | अत्युत्तम | उत्तम | मध्यम | न्यून | न्यूनतम | कैफियत |
| क) | व्याख्यान | | | | | | |
| ख) | छलफल | | | | | | |
| ग) | प्रदर्शन | | | | | | |
| घ) | खोज | | | | | | |
| ङ) | अन्य | | | | | | |
| d | मुल्याङ्कन | अत्युत्तम | उत्तम | मध्यम | न्यून | न्यूनतम | कैफियत |
| क) | पाठको उदेश्य प्राप्ति | | | | | | |
| ख) | मुल्याङ्कन विधिको प्रयोग | | | | | | |
| ग) | विद्यार्थीलाई सहयोग | | | | | | |
| ५. | गृहकार्यको प्रयोग | अत्युत्तम | उत्तम | मध्यम | न्यून | न्यूनतम | कैफियत |
| | | | | | | | |

अवलोकनकन क्रममा देखिएका सकारात्मक पक्षहरु

१
२
३
४
५
६
७
८

सुधार गर्नु पर्ने पक्षहरु

१
२
३
४
५
६
७
८

**सुपरिवेक्षकको मूल्याङ्कन - अत्युत्तम ☐, उत्तम ☐, मध्यम ☐, न्यून ☐, न्यूनतम ☐ मध्ये अवलोकनका आधारमा एउटामा रेजा (✔लगाई दस्तखत गर्ने )।**

सुपरिवेक्षकको दस्तखत - .................. शिक्षकको दस्तखतः .............
सुपरिवेक्षकको नाम - ........................ पूरा नाम - ..................
मिति - ..................... विद्यालय -........................
मिति - ........................
प्रधानाध्यापकको दस्तखत - ................... विद्यालयको छाप
प्रधानाध्यापकका नाम - ........................
विद्यालय -........................
मिति - .....................

आज्ञाले
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत